हल्दिबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा,

कोशी प्रदेश, नेपाल

## नदीजन्य सामाग्री उत्खनन् तथा विक्री सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०।०६।०५)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) र हल्दीबारी गाउँपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५, ढुङ्गा गिटी बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार हल्दीबारी गाउँपालिकाको IEE प्रतिवेदनमा उल्लेखित देउनिया खोलाको स्वीकृत घाट/नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी कोशी प्रदेशको आर्थिक ऐनले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुका अधीनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| सि. नं | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (क्यु फिट ) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | HRM/GOODS/ RIVERS/SQ/02 -080/081 | हल्दीबारी गाउँपालिका क्षेत्रभित्रका देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | २,१०,४५८ क्यू. फिट | १२,७७,९८६।७३ | कबोल अंकको ५(पाँच) प्रतिशत | २०८०/०६/२१ दिनको १२:०० बजे | १०००।०० |

### (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| सि. नं | कार्यालय/कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता सम्बन्धी विवरण | धरौटी खाताको नाम र खाता नं |
|---|---|---|---|---|
| १. | हल्दीबारी गाउँपालिका | Citizens' Bank International Limited, हल्दीबारी शाखा, झापा | खाताको नामः HALDIBARI ANTARIK RAJASWA KHATA खाता नं : 0630100000001202 | खाताको नामः ISTHANIYA TAHA DHARAUTI KHATA खाता नं : 0630100000017201 |

नोट : कबोल अंकको पाँच (५) प्रतिशत धरौटी हल्दीबारी गाउँपालिकाको धरौटी खाता वा हल्दीबारी गाउँपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।



मान ब. बत (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**शर्तहरु:**

१. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १७ औं दिन, दिनको १२:०० बजेसम्ममा अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ।

२. बोलपत्र दर्ता भएको दिन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

३. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनसम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७८/०७९ सम्मको कर तिरेको प्रतिलिपि र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ।

४. बोलपत्र स्वीकृत पश्चात् स्वीकृत बोलपत्रदाताले पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारिक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ।

५. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको दश (१०) प्रतिशत सम्म छुट दिन सकिनेछ। १३ प्रतिशत मु.क.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई हल्दीबारी गाउँपालिकाको ISTHANYA TAHA BIVAJYA KOSH KHATA खाता नं. ०६३०१०००००३९५२०१ मा दाखिला गर्नु पर्नेछ।

६. किस्तामा बुझाउन चाहने बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ। प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर बाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत २०८० फागुन मसान्त र तेस्रो किस्ता २० प्रतिशत बापत २०८० चैत्र मसान्तसम्ममा जम्मा गर्नु पर्नेछ । साथै, १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाताले सम्झौता पूर्व नै कार्यालयमा दाखिला गर्नु पर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का समझौता पछि बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८१ असोज मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। कबोलकर्ताले यस शर्त बमोजिम तोकिएको अवधिभित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८० चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैंक ग्यारेन्टी जफत गरी असूल उपर गरिनेछ।

७. ठेक्काको अवधि सम्झौता अवधिदेखि २०८१ जेष्ठ मसान्तसम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको पाईएमा थप उत्खनन गर्न रोक लगाइनेछ।

८. ठेक्का सम्झौता भई सकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा माफी/मिनाहा दिइने छैन।



मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हल्दिबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा,

कोशी प्रदेश, नेपाल

९. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम (स्टक प्रमाणित समेत) संकलन गर्नुपर्नेछ।

१०. प्रदेश कानूनका आधारमा स्टक प्रमाणित (क्रसरको प्रशोधित र अप्रशोधित पदार्थ लगायत विभिन्न स्थानमा भण्डारण गरी राखेको) गर्नु/गराउनु पर्नेछ।

११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेको पाइएमा नियम अनुसार कारवाही भई ठेक्का रद्द समेत हुन सक्नेछ।

१२. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१३. उत्खखन क्षेत्र, परिमाण, प्रविधि, तरिका र दुरीका सम्बन्धमा श्रमजन्य प्रविधि/प्रकृयाबाट मात्र तोकिए बमोजिमका नाकाहरुबाट तोकिए बमोजिमको परिमाणमा उत्खनन्, संकलन तथा बिक्री गर्नु पर्नेछ (कुनै पनि प्रकारको उत्खनन् गर्ने मेसिनको प्रयोग गर्न पाईने छैन)।

१४. नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाँध, लोकमार्ग र सडकमार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थानहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ।

१५. गाउँपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिनेछ।

१६. बोलपत्रदाताले गाउँपालिकाबाट स्वीकृत गरी अपलोड गरेको खोलाजन्य पदार्थको उल्खनन् तथा बिक्री सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नु पर्नेछ। तर, बोलपत्रदाताले अपलोड गरेको/भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।

१७. गाउँपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ। तोकिएको समयभित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्राचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बीचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ। यो प्रकृया क्रमशः दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ।

१८. सम्झौता भएपछि बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खनन गरी भण्डारण गर्नुपरेमा हल्दीबारी गाउँपालिकाको पूर्व स्वीकृति लिई तोकिएको स्थान र क्षेत्रमा भण्डारण गर्नु पर्नेछ। नदीजन्य पदार्थ भण्डारण गर्दा ऐलानी पर्ति वा खोलाको बगर क्षेत्रमा भण्डारण गर्न पाईने छैन। स्वीकृति लिई भण्डारण गरिएका खोलाजन्य पदार्थहरुको २०८१ असाढ असान्त भित्र मौज्दात शुन्य गरी सक्नु पर्नेछ।

१९. २०८१ जेष्ठ मसान्तदेखि २०८१ असाढ मसान्तसम्म सम्झौता गरेको बोलपत्रदाता वा सो समयभित्र वा पछि अन्य कानुन बमोजिम नदीजन्य पदार्थ खरिद गरी मौज्दात गर्न योग्यता पुगेको व्यक्ति/फर्म/कम्पनीले मौज्दात गरेको परिमाण प्रमाणित गर्नुपर्ने भएमा (Stock प्रमाणित) कार्यपालिकाले तोके बमोजिमको दरमा



मान ब[illegible]न (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गाउँपालिकालाई स्टक प्रमाणित दस्तुर बुझाउनु पर्नेछ। आषाढ मसान्तसम्म स्टक प्रमाणितका लागि पेश नभएका साथै नियमानुसार स्टक प्रमाणित नभएका खोलाजन्य पदार्थहरुको हकमा गाउँपालिकाले जफत गरी लिलाम बिक्री वा आवश्यकतानुसारको जुनसुकै निर्णय गर्न सक्नेछ।

२०. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्नु पर्नेछ। साथै, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ।

२१. ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ।

२२. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन्।

२३. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार गाउँपालिकामा मात्र निहित हुनेछ।

२४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन।

२५. बोलपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।

२७. यस प्रकृयामा सहभागी हुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेश गरिएको मानिनेछ।

२८. माथि जुनसुकै कुरा उल्लेख भएता पनि खोलाजन्य पदार्थ उत्खनन्, संकलन गर्ने नाका वा क्षेत्राधिकार भित्र संघीय/प्रदेश वा स्थानीय सरकारले आ.व.२०८०/८१ मा कुनै पुल लगायतको संरचना निर्माण गर्नुपर्ने भएमा उक्त नाकाबाट उत्खनन् गर्ने परिमाणलाई आधार मानी कार्यपालिकाको निर्णयका आधारमा फिर्ता/छुट/मिनाहा दिन सकिनेछ। तर VAT र TDS मा भने उक्त सुविधा प्रदान हुने छैन।

२९. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, हल्दीबारी गाउँपालिका सार्वजनिक खरिद नियमावली, प्रचलित कानून र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ। थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

३०. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले औंल्याए बमोजिम नदिजन्य सामाग्रीहरु उत्खनन्/संकलन गर्दा निम्न तालिकामा उल्लिखित क्षेत्र/स्थानका नाका/घाटबाट तपसिल बमोजिमको परिणाम मात्र उत्खनन् गर्नु पर्नेछ।

निम्नः

| क्र.स | बगर | दिगो संकलन योग्य परिणाम क्यूब फिट | संरचना | दोश्रो कोशी प्रदेश आर्थिक अध्यादेश २०८० को अनुसूची-५ (दफा ७ को उपदफा(१) सँग सम्बन्धित ) प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क अनुसारको दररेट प्रति क्यूब फिट (रु. मा ) | कैफियत |
|---|---|---|---|---|---|



मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हल्दिबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा,

कोशी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १ | राई टोल (वडा न २) | २८४१.९५ | मिक्स ग्राभेल | ७।०० | |
| | | २८४१.९५ | बालुवा | ६।०० | |
| २ | कन्टारघुटु बगर (वडा न २) | ८०८०३.५६५ | बालुवा | ६।०० | |
| ३ | धोक्रे गाउँ (वडा न २) | १२३९७.०५ | मिक्स ग्राभेल | ७।०० | |
| | | १११५७३.४४ | बालुवा | ६।०० | |

मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

हल्दिबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा,
कोशी प्रदेश, नेपाल

हल्दिबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा,
कोशी प्रदेश, नेपाल

## नदिजन्य पदार्थको ठेक्का वन्दोबस्त दररेट फारम

१. ठेक्काको नाम : हल्दीबारी गाउँपालिका क्षेत्रभित्रका देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री

२. भ्याट बाहेक न्यूनतम अंक रु १२,७७,९८६।७३ ( बाह्र लाख सतहत्तर हजार नौ सय छयासी रुपैया त्रिहत्तर पैसा मात्र )

३. धरौटी रकम: कबोल अंकको ५ प्रतिशत ।

| ठे.न | विवरण | कबोल अंक | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अंकमा भ्याट बाहेक | अक्षरमा भ्याट बाहेक | भ्याट रकम | जम्मा | |
| HRM/GOODS /RIVERS/SQ/ 02 -080/081 | हल्दीबारी गाउँपालिका क्षेत्रभित्रका देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | | | | | |

नोटः- अंक र अक्षरमा मात्र लेखिएको रकमलाई भ्याट बाहेकको रकम मानिनेछ । मूल्याङ्कन VAT बाहेकको रकमबाट गरिने छ ।

पेश गर्नेको

दस्तखत :..........................................फर्मको छाप

फर्मको नाम :.......................................

प्रोपाईटरको नाम :.....................................

ठेगान :..................................................

मोबाइल नं. :.........................................

प्रमुख प्रशासकीय अधिकृत

मान ब. बन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner